वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किँदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# भूमिको प्रतिफलदायी व्यवस्थापन



■ गणेशप्रसाद भट्ट

> अहिलेको चुनौती भनेको कृषियोग्य जमिनको संरक्षण हो । र, कृषिमा आधारित जनशक्तिलाई कसरी प्रोत्साहित गर्ने भन्ने हो । यसका लागि सिँचाइ, मल, बीउविजन, बजार र बजारसम्मको पहुँचका लागि सडक सुविधाजस्ता आधारभूत विषयमा ध्यन दिनुपर्छ । कृषि गरेर परिवार पाल्न सक्ने अवस्था भयो भनेमात्र मानिस कृषिमा आधारित नै भइरहेर अघि बढ्न सक्छन् । र, कृषियोग्य भूमि कृषि उपजको उत्पादनमै प्रयोग भइरहन र खाद्यसुरक्षा पनि प्राप्त हुन सक्छ ।

नेपालमा पुरानोमध्येकै एक अड्डामा पर्छ भूमिसम्बन्धी अड्डा । वि.सं. १९७९ वैशाख १ गते 'पोता रजिस्ट्रेसन अड्डा'को स्थापना गरी जग्गा किनबेच हुँदा लिखत रजिस्ट्रेसन गरी अभिलेखीकरण गर्ने प्रचलनको सुरुआत भएको थियो । यसरी, जग्गाको स्वामित्व वा हकको औपचारिकरूपमा अभिलेखीकरण गरी हस्तान्तरण गर्न १०२ वर्षअघि सुरु भएको हो । उक्त अड्डा स्थापनाको एक शताब्दी पुगेको अवसरमा भूमिसँग सम्बन्धित मन्त्रालय र अन्तर्गतका निकायले विभिन्न कार्यक्रम गरी गौरवपूर्ण इतिहासको स्मरणमा २०७८ चैत ३० देखि २०७९ वैशाख २ गतेसम्म तीन दिवसीय उत्सवसमेत मनाइएको थियो ।

त्यसो त लिच्छवीवंशको शासनकालदेखि नै नेपालमा भूमिबाट राजस्व संकलन गरी शासन चलाउने गरिएको थियो भन्ने ऐतिहासिक कथनहरूसमेत पढ्न र सुन्न पाइन्छ । त्यहाँदेखि हालसम्म आइपुग्दा विभिन्न कालखण्डमा भूमिलाई कसरी नियमन गर्ने, कुन निकायले हेर्ने, अभिलेख कसरी राख्ने भन्ने विषयमा अनेक कार्य प्रारम्भ भई भूमि प्रशासनको विकास र विस्तार हुँदै आएको पाइन्छ । यसरी हाम्रो गौरवपूर्ण र गर्विलो भूमिसम्बन्धी इतिहास निर्माण हुँदै आएको छ । यी तथ्यहरूलाई केलाउने हो भने जुनसुकै शासनकालमा पनि राज्य सञ्चालनका लागि आवश्यक राजस्वको प्रमुख स्रोत भूमि नै थियो भन्ने स्पष्ट हुन्छ ।

## आधुनिक जग्गा प्रशासन प्रणालीको पृष्ठभूमि

अहिलेको आधुनिक जग्गा प्रशासन प्रणालीको स्थापना भने २०२२ सालपछि भएको हो । नेपालमा बिर्ता (बहादुरी देखाएबापत वा सेवाबापत सरकारलाई तिरो तिर्नु नपर्नेगरी पाएको जग्गा), जागिर (राज्य शासकका तर्फबाट उच्च पदका भारदारलाई दिइने भूभाग), रकम (जग्गा धन), किपट (पूर्वी नेपालका माझ किराँत तथा पल्लो किराँतमा प्रचलित राई-लिबूहरूलाई लालमोहर गरेर दिइएको, कहिल्यै राजीनामा हुन नसक्ने अथवा जसका नाममा सो जग्गा लेखिएको छ, उसैका सन्तान-दरसन्तानले भोग चलन गर्नुपर्ने जग्गा) जस्ता प्रथाजनित भू-सम्बन्धहरू त्यसयता खारेज गरिए । यी यस्ता सबै जग्गालाई निजीकरण गरियो । पहिलोपटक तत्कालीन राजा महेन्द्र शाहले २०२२ सालमा पहिलोपटक देशव्यापी भूमि सुधार नीति लागू भएपछि अहिलेको जग्गा प्रशासन प्रणाली कार्यान्वयनमा आएको हो ।

## राजनीतिक परिवर्तनको आधार

हरेक राजनीतिक परिवर्तनको पृष्ठभूमिमा भूमिसम्बन्धी सवालहरू महत्त्वपूर्ण रहँदै आएको पाइन्छ । तत्कालीन राजा महेन्द्रको पालासम्म आइपुग्दा नेपालमा जमिनदारी प्रथा जबरजस्तरूपमा रहेको थियो । शासक-प्रशासकको निकटमा रहनेहरू जमिनदार हुन्थे । उनीहरूसँग सयौं, हजारौं बिघा जग्गा हुन्थ्यो । त्यसको कुनै औपचारिक तथा यकीन अभिलेख हुँदैनथ्यो । तर, किसानसँग भने खेतीका लागि त परै जाओस्, बासका लागिसमेत जग्गा नभएर सुकुम्बासी बन्नुपर्ने अवस्था थियो । यही विडम्बनापूर्ण अवस्थाको अन्त्य गर्न राजा महेन्द्रले जमिनदारी प्रथाको अन्त्य गरेर भूमिसुधार नीति लागू गरेका थिए ।

हजारौं बिघा जग्गा राख्ने जमिनदारको जग्गामाथि हदबन्दी लागू गरेर २५ बिघामा झारियो । त्यसैताका मोहियानी हक सुनिश्चित गरियो । अभिलेखीकरण गरिएपछि जग्गामाथि मोहीहरूको अधिकार सुनिश्चित भएको हो । हदबन्दी लागू भएपछि जग्गाको उपलब्धता बढ्न गयो । त्यसपछि भने भूमिहीन तथा सुकुम्बासीले पनि जग्गामा बिस्तारै पहुँच पाउँदै गएका हुन् । अहिले पनि राजनीतिक दलहरूले सर्वसाधारणलाई खुसी पार्न भूमिसम्बन्धी विषयलाई बढी जोडतोडका साथ उठाउने गरिएको पाइन्छ । यसरी हाम्रो भूमि सुधारको नीतिहरू एकपछि अर्को आउँदै जाँदा अहिलेको आधुनिक जग्गा प्रशासन प्रणालीको विकास भएको पाइन्छ ।

## तथ्यांकमा नेपाली भूमि

तथ्यांकहरू केलाउने हो भने हाम्रो देशमा तराईको समथर भूभाग जम्मा १७ प्रतिशत छ । हिमाली क्षेत्रले १५ प्रतिशत र पहाडी क्षेत्रले ६८ प्रतिशत भूगाग ओगटेको छ । यसमध्ये पनि बसोबासयोग्य भूमि जग्गा करिब २८ प्रतिशत छ । बाँकी, हिमाल, पहाड, वन, खोला-नदी, ताल-पोखरी, खोँच आदि रहेका छन् । देशको कूल भूभागमध्ये जम्मा २४ प्रतिशत भूमिमात्र कृषियोग्य भएको तथ्यांक छ । हाम्रो समाज पनि कृषिमै आधारित छ । मानव विकास तथा मानव सभ्यताको इतिहासलाई नै केलाउने हो भने पनि कृषिबाटै जीवन निर्वाह गरी मानव समाज विकसित हुँदै अघि बढेको पाइन्छ ।

पछिल्लो तथ्यांकअनुसार नेपालका झण्डै ६० प्रतिशत सक्रिय जनशक्ति कृषि पेसामा आधारित छन् । यद्यपि, कूल गार्हस्थ उत्पादन (जिडिपी) मा यसको योगदान करिब २४ प्रतिशतमा खुम्चिएको छ, यो अर्को बहसको विषय हो । जेहोस्, कुनै देशको ६० प्रतिशत जनशक्ति कृषिमा आधारित छ भने त्यो देशका लागि कृषियोग्य भूमिको महत्त्व कति छ भनेर बुझ्न गाह्रो छैन ।

अहिले पनि हामी गाउँघरमा गयौं भने अघिल्ला पुस्ताका बुबा-हजुरबुबाहरूले दुहुना के छ ? खेतीपाती कस्तो छ भनेर सोध्ने गर्नुहुन्छ । अझै पनि विवाहका लागि कन्या माग्न जाँदा तपाईंको जग्गा जमिन कति छ ? खेतीपाती कति छ भनेर सोध्ने गरिन्छ । यसको अर्थ हाम्रो जीवनयापनका लागि अर्थोपार्जनको पहिलो स्रोत नै कृषि हो, जो जमिनसँग जोडिएको छ । हामीसँग अलिकति मुष्ठ पैसा भयो भने पहिला किन्न खोज्ने भनेको जग्गा हो । परदेशमा होस्, चाहे घरदेशमा, पेसा, व्यवसाय वा शारीरिक श्रम गरी पसिना चुहाएर कमाएको पैसाले काठमाडौंमा (वा सहरी क्षेत्रमा) पहिला जग्गा किन्ने सपना साँच्ने थुप्रै युवा छन् । आजका युवामध्ये केहीले 'पहिला कार किन्छु' भन्लान् तर अधिकांशको सपना भनेको जग्गा वा घडेरी नै हो । यही कारणले सामान्यतया अलिकति हुनेखाने वर्गका मानिसले काठमाडौं उपत्यका तथा अन्य ठूला सहरमा जग्गा अर्थात् घडेरी किनेका छन् ।

अर्कोतर्फ, काठमाडौं उपत्यकासहित हाम्रा जति पनि सहरी क्षेत्र छन्, ती सबै कृषियोग्य उर्वर भूमिमा विकास भएका छन् । तराईमा बनेका सहर सबै कृषियोग्य उर्वर भूमिमा नै विकास भएका भएका छन् । काठमाडौं, पोखरा, हेटौंडा, दाङ, सुर्खेतजस्ता सबैजसो उपत्यकाहरू कृषिका लागि उर्वर भूमि हुन् । अहिले सहरीकरणले यी उर्वर भूमि 'सिमेन्टीकरण'को चपेटामा परेको छ । मानिसहरू सुविधायुक्त घडेरीका लागि उब्जाउ तथा उर्वर भूमिमा आउन थाले । यसले सिँचाइको पहुँच पुगेको वा पुग्न सक्ने, मलिलो माटो भएका तथा कृषिका लागि सुविधायुक्त भूमिहरू कम हुँदै गएको छ । परिणामस्वरूप हामीलाई संविधानले दिएको खाद्यसुरक्षा र खाद्य सम्प्रभूताको अधिकार प्राप्तिको विषयलाई नै चुनौतीमा पार्दै लगेको छ ।

## जलवायु परिवर्तनको दुश्प्रभाव

पछिल्लो समय विश्वमा जलवायु परिवर्तनको प्रभावसमेत उत्तिकै देखिन्छ । नेपालमा रहेका अनेकौं पानीको मुहान सुक्न थालेका छन् । सिँचाइ सुविधा घट्न थालेको छ । उब्जनी घटेको छ । एउटा युवाले कृषिमा लागेर परिवार पाल्न सक्ने, सन्तानलाई राम्रो शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने सम्भावना कम भएको छ । यसले गर्दा अर्थोपार्जनका लागि युवा परदेश जान थाले । आश्रित अभिभावक पनि बालबालिका पढाउने सहर छिर्न थाले । गाउँमा जनसंख्या घट्यो । कृषियोग्य जमिन वनमा परिणत हुँदै गयो र अहिले वनको क्षेत्रफल बढ्न पुग्यो । नेपालमा करिब ४० प्रतिशत वनको क्षेत्रफल छ । तर, वनले ढाकेको जग्गाको क्षेत्रफल करिब ४५ प्रतिशत पुग्न लागेको तथ्यांकहरू आइरहेका छन् । यसले अधिकांश गाउँमा वन्यजन्तु र मानवबीचको द्वन्द्व बढेको छ । परिणामस्वरूप गाउँ रित्तिँदै गएको देखिन्छ । कयौं गाउँमा बाँदर आतंकका कारण मानिसले आफ्नै जमिनमा अन्न, फलफूल तथा तरकारी बालीको खेती लगाउन सक्ने अवस्था छैन । हात्ती, बँदेल, स्यालजस्ता अनेक जंगली जनावर अहिले गाउँबस्तीमा पस्न थालेका छन् । खेतीबाली तथा मानवीय क्षतिसमेत बढाएको छ । यसले हाम्रो कृषिमा आधारित जनजीवनको पहिचान नै संकटमा पारेको छ ।

यी यस्ता परिस्थिति र पृष्ठभूमिका कारण अहिलेको चुनौती भनेको कृषियोग्य जमिनको संरक्षण हो । र, कृषिमा आधारित जनशक्तिलाई कसरी प्रोत्साहित गर्ने भन्ने हो । यसका लागि सिँचाइ, मल, बीउविजन, बजार र बजारसम्मको पहुँचका लागि सडक सुविधाजस्ता आधारभूत विषयमा ध्यन दिनुपर्छ । कृषि गरेर परिवार पाल्न सक्ने अवस्था भयो भनेमात्र मानिस कृषिमा आधारित नै भइरहेर अघि बढ्न सक्छन् । र, कृषियोग्य भूमि कृषि उपजको उत्पादनमै प्रयोग भइरहन र खाद्यसुरक्षा पनि प्राप्त हुन सक्छ ।

हामीले पहिलो विषय भनेको कस्तो जग्गालाई कुन प्रयोजनमा लगाउने भन्ने नीति बनाएर कार्यान्वयनमा लानुपर्ने छ । अर्कोचाहिँ हरेक प्रकृतिको जग्गालाई कसरी बढी उत्पादनशील बनाउने भन्ने चुनौती पनि हामीसँग छ । यही विषयलाई ध्यान दिएर २०६९ सालमा एउटा 'भू-उपयोग नीति' तयार गरेका थियौं । तर, २०७२ वैशाखमा भूकम्प गयो । भूकम्पजस्तो प्रकोपबाट पनि त मानिस प्रताडित हुँदा रहेछन् । भूकम्पबाट बसोबासमा पर्नसक्ने असरको व्यवस्थापन कसरी गर्ने भन्ने विषय उक्त भू-उपयोग नीतिमा विषय खासै उल्लेख गरिएको रहेन छ । त्यसकारण २०७२ मा फेरि अर्को नयाँ भू-उपयोग नीति ल्यायौं । त्यसको मुख्य ध्येय भनेको कृषियोग्य जग्गाको संरक्षण थियो । तर, उक्त नीति कार्यान्वयनका लागि कानुन बनाउन २०७६ सालसम्म कुर्नुपऱ्यो । कानुन आएपछि नियमावली बनायौं र अहिले हामी कार्यान्वयनका क्रममा छौं ।

कृषियोग्य जग्गाको संरक्षण गर्दै जग्गाको प्रकृतिअनुसार वर्गीकरण गरेर उपयोगमा लगाउनुपर्ने कानुनी व्यवस्था छ । तर, जग्गाको वर्गीकरण गरेर कृषियोग्य हो कि अन्य प्रयोजनको जग्गा हो भनी यकीन गरेर कानुन कार्यान्वयनका काम स्थानीय तहहरूको जिम्मामा छ । स्थानीय तहले जग्गाको वर्गीकरण कसरी गरिरहेका छन्, त्यसमै कृषियोग्य जग्गाको संरक्षण पनि भर पर्ने देखिन्छ ।

## राजस्वको भरपर्दो स्रोत

भूमिमा राजस्वको पनि विषय छ । गत वर्षमात्रै हामीले भूमिबाट प्राप्त हुने राजस्व ४५ अर्ब रूपैयाँ उठाएका रहेछौं । जबकि, स्थानीय तहले लिने मालपोत यसमा संलग्न छैन । अझै कयौं पालिकाले दशौं वर्षदेखि मालपोत नै उठाएका छैनन् । हामीकहाँ बसोबास भएको र घडेरीमा प्रयोग भएकामध्ये करिब २५ प्रतिशत जग्गा ऐलानी छ । ऐलानी जग्गाको पनि किनबेच हुन्छ । त्यस्ता जग्गामा पनि घर बन्छन् । बजार तथा सहर नै बसेको छ तर त्यसको राजस्व सरकारले पाइरहेको छैन । यसरी, भूमिबाट प्राप्त हुने सबै किसिमका राजस्व संकलन हुने हो भने यसले राष्ट्रिय अर्थतन्त्रमा ठूलो टेवा दिन सक्छ ।

त्यसो हुँदा सरकारले अहिले भूमि आयोग गठन गरेको छ । यो आयोगले तीन वर्षभित्र यस्तो सबै जग्गाको खरिद-बिक्रीलाई औपचारिक माध्यममा ल्याउन सक्ने हो भने हामीले देशको ढुकुटीमा अर्बौं रूपैयाँ राजस्व बढाउन सक्छौं । जग्गालाई ऐलानीको रूपमा राख्नु नै गलत छ । त्यस्ता जग्गा भोग गरिरहेकाहरूको पहिचान गरी कि त लालपुर्जा दिन सक्नुपर्छ, कि भने राज्यले डोजर लगाई आफ्नो नियन्त्रणमा ल्याउन सक्नुपर्छ । अनिमात्रै भू-उपयोग नीतिको कार्यान्वयनमा सहजता आउने देखिन्छ ।

कृषि, उद्योग, विमानस्थलजस्ता ठूला पूर्वाधार, जलविद्युत् आयोजना, सडक, आवास, वनजस्ता प्रयोजनमा कति प्रतिशत जग्गा उपयोग गर्ने भन्ने विषय हामीले हाम्रो आवश्यकताको मूल्यांकन गरेर तय गर्न सक्छौं । त्यसपछि मात्रै सही अर्थमा भू-उपयोग नीतिको कार्यान्वयन सहज हुन्छ र भूमिबाट हामीले उच्चतम प्रतिफल प्राप्त गर्नसक्ने गरी भूमिको उपयोग गर्न सक्छौं ।

*(भूमिसुधार विज्ञ भट्टको यो लेख नेपाल आर्थिक पत्रकार समाज 'सेजन'द्वारा प्रकाशित 'अर्थनीति'बाट साभार गरिएको हो)*

## पाठक मञ्च

### साइकल चढौं, प्रदूषण घटाऔं

काठमाडौं सहर आजभोलि आधुनिक विकाससँगै गाडीहरूको भीडले भरिएको देखिन्छ । अहिलेको समयमा मानिसहरूको जीवन गाडीविना कुनै पनि लामो यात्रा गर्न नसक्ने भएको छ । जसका कारण गाडी मानिसको जीवनमा आवश्यक साधन बनेको छ । गाडी र सवारीसाधनले एक ठाउँबाट अर्को ठाउँमा सजिलैसँग यात्रा गर्न सक्ने भएकोले निजी सवारीसाधन लिने व्यक्तिहरूको संख्या पनि उत्तिकै बढ्दै गएको छ । सवारीसाधनको अत्यधिक चाप काठमाडौं सहरको सडकमा बिहानदेखि बेलुकासम्म हुन्छ ।

सवारीसाधनको अत्यधिक चापका कारण काठमाडौं सहरको सडक बिहानदेखि बेलुकासम्मै अस्तव्यस्त रहन्छ । निजी सवारीसाधनको प्रयोग तीव्र गतिमा बढिरहेको छ । सार्वजनिक सवारीसाधन व्यवस्थापन कमजोर भएकोले धेरैले आफ्नो निजी गाडी मोटरसाइकल वा स्कुटर प्रयोग गर्न बाध्य छन् । यसले ट्राफिक जाम, प्रदूषण, पार्किङ समस्यालगायतका चुनौतीहरू निम्त्याएको छ ।

अहिले काठमाडौंमा वायु प्रदूषण उच्च बनेको छ । वायु प्रदूषणले गर्दा सास फेर्नसमेत मुस्किल हुने अवस्था सिर्जना भएको छ । विभिन्न रोगहरूको सिकार भएका छन् काठमाडौंवासी । यसको विभिन्न कारणमध्ये सवारीसाधन पनि एक प्रमुख कारण बनेको छ । काठमाडौंलाई वायु प्रदूषणमुक्त बनाउन छ भने सवारीसाधनको समय-समयमा यसको मर्मत गरिराख्न आवश्यक छ । किनभने प्रदूषण धेरै गराउने सवारीसाधनको प्रभावकारी चेकजाँच गर्ने गरिएको छैन ।

वायु प्रदूषणमुक्त बनाउन साइकलको प्रयोग उत्तम विकल्प हो । वातावरणमैत्री साधन भनेको साइकल नै हो । यसको प्रयोगबाट वायु प्रदूषण नियन्त्रण गर्न सकिन्छ । काठमाडौंमा गाडी चलाउनेको संख्या अत्यधिक बढ्दै जानु गम्भीर चिन्ताको विषय बनेको छ । यदि समयमै यसलाई हेरिएन भने झन् जटिलता निम्त्याउने निश्चित छ ।

वायु प्रदूषण नियन्त्रण गर्न सरकारले प्रभावकारी काम गर्न सकेको छैन । पछिल्लो समय काठमाडौं विश्वकै सबैभन्दा प्रदूषित सहरको सूचीमा पहिलो नम्बरमा पर्दै आएको छ । वायु प्रदूषणको मात्राले खतराको तह पार गरिसक्दा पनि सरकारले कुनै कदम चालेको देखिँदैन । यो विडम्बनाको विषय हो । प्रदूषण घटाउन सरकारको मात्रै नभएर नागरिकको पनि भूमिका महत्त्वपूर्ण रहन्छ । त्यसैले नागरिकले पनि वातावरण प्रदूषण न्यूनीकरणमा जिम्मेवार बन्नुपर्ने बेला आएको छ । त्यसैले साइकलको प्रयोग गरेर यसमा योगदान गरौं ।

**- सरिता महर्जन**
चाँगुनारायण, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# स्थानीय 'सम्पदा' संरक्षणमा जुटे घरपझोङका युवा



**मुस्ताङ-** घरपझोङ गाउँपालिकाका युवा यतिबेला स्थानीय स्तरको प्राकृतिक तथा जैविक सम्पदा जोगाउन जुटेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजनाअन्तर्गत गाउँपालिकाले उनीहरूलाई पालिकाभित्रका प्राकृतिक तथा जैविक सम्पदाको सरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने काममा खटाएको हो ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत स्थानीयस्तरका बेरोजगार युवायुवतीलाई प्राकृतिक स्रोतको रक्षा गर्न परिचालन गर्ने गरी यो कार्यक्रम नियमित कार्यान्वयनमा रहेको छ । गाउँघरका बेरोजगार युवायुवतीलाई अल्पकालीन रोजगार सिर्जना गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रममा संघीय सरकार र विश्व बैंकबाट वैदेशिक सहायता रकम उपलब्ध हुँदै आइरहेको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत युवाको सीप र क्षमता अभिवृद्धि गर्ने, स्थानीय प्राकृतिक सम्पदाको अपनत्व दिलाउने, न्यूनतम रोजगार उपलब्ध गराउने र बेरोजगारी समस्यालाई न्यूनीकरण गर्दै लैजाने सरकारको उद्देश्य रहेको गाउँपालिकाको रोजगार सेवा केन्द्रकी संयोजक शर्मिला श्रीसले जानकारी दिइन् । कार्यक्रमले पालिकाभित्रको जीर्ण अवस्थामा रहेका प्राकृतिक सम्पदालाई संरक्षण तथा विकास गर्न टेवा पुगेको रोजगार सेवा केन्द्र संयोजक श्रीसको भनाइ छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत चालु आर्थिक वर्ष २०८१/८२ का लागि संघीय सरकारबाट ११ लाख ४९ हजार रूपैयाँ र वैदेशिक सहायता ३० लाख ४० हजार रूपैयाँ गरी ४१ लाख ८९ हजार रूपैयाँ पुँजीगत बजेट विनियोजन भएको रोजगार सेवा केन्द्र संयोजक श्रीसले बताइन् । गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत स्थानीय बेरोजगार अवस्थामा रहेका युवायुवतीलाई पर्यटकीय पदमार्ग स्तरोन्नति, छप्पनी ढुंगा मिलाउनेदेखि बिच्छ्याउनेसम्म, सिँचाइ कुलो मर्मत सुधार, रैथाने बाली बिरुवाको वृक्षरोपण, सरसफाइ तथा कृषि गह्रा सुधारलगायतका काममा परिचालन गरिएको रोजगार सेवा केन्द्र संयोजक श्रीसले उल्लेख गरिन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत चालु आवमा गाउँपालिकाका पाँचवटै वडामा युवाहरूलाई रोजगारमूलक काममा व्यवस्थापन गरिएको छ । त्यसअन्तर्गत वडा नं १ को छैरो चिमाङ गाउँमा छप्पनी ढुंगा बिच्छ्याउने, सिँचाइ कुलो मर्मत सुधारका साथै पर्यटकीय पदमार्ग मर्मत सम्भारलगायतका कामहरूको जिम्मेवारी दिइएको छ । वडा नं २ मार्फामा सिँचाइ कुलो मर्मत सम्भार, परम्परागत बालीको वृक्षरोपण तथा त्यस क्षेत्रको सरसफाइका साथै खेतबारीको कृषि गह्रा सुधारको कामकाजमा खटाइएको हो । वडा नं ३ स्याङ गाउँमा सिँचाइ कुलो मर्मत सम्भार गरिँदै छ ।

यसैगरी गाउँपालिकाको वडा नं ४ जोमसोममा धोफु (ढुंगे ओडार) जाने सडक बाटो मर्मत सम्भार सुरु गरिएको छ । वडा नं ५ ढुम्बा गाउँअन्तर्गत ढुम्बा गाउँदेखि कुछप तरेंगा गुम्बा जाने जीर्ण बाटो मर्मत सम्भार भइरहेको छ । सोही वडाको भुतीधाङमा वृक्षरोपण क्षेत्रमा सरसफाइका साथै पार्क निर्माण तथा मर्मत सम्भार लगायतका काम भइरहेको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत बेरोजगार युवाहरूलाई १०० दिनसम्म दैनिक ७६० रूपैयाँ ज्याला सुविधा दिएर स्थानीय सम्पदा जोगाउन काममा खटाइएको रोजगार शाखा संयोजक श्रीसको भनाइ छ । उनीहरूलाई दैनिक आठ घण्टा काममा लगाउनेगरी सम्बन्धित वडामा त्यहीँका युवायुवतीलाई व्यवस्थापन गरिएको उनले जानकारी दिए ।

चालु वर्षको कार्यक्रममा गाउँपालिकाको रोजगार शाखा केन्द्रले पालिकाको पाँचवटै वडामा गरी ५५ युवायुवती व्यवस्थापन गरेको रोजगार सेवा केन्द्र संयाजक श्रीसले बताइन् । यसैगरी रोजगार कार्यक्रममा सहभागी युवयुवतीलाई फिल्डमा काम गर्दा जोखिम उत्पन्न नहोस् भन्ने हेतुले आवश्यक सुरक्षा सामग्रीका साथै काम गर्ने घरेलु उपकरणकोसमेत व्यवस्था गरिएको उनको भनाइ छ ।

उक्त कार्यक्रमअन्तर्गत गाउँपालिकालाई गत वर्ष रोजगारी सिर्जना गर्ने गरी संघीय सरकारबाट २१ लाख ४९ हजार रूपैयाँ र वैदेशिक ऋण सहायता २८ लाख ५८ हजार रूपैयाँ बजेट विनियोजन भएको थियो । गत वर्ष घरपझोङको रोजगार सेवा केन्द्रले पाँचवटै वडामा गरी ६५ जनालाई अल्पकालीन रोजगारी उपलब्ध गराएको संयोजक श्रीसले उल्लेख गरिन् । *रासस*


## साउदीमा रोजगार

कम्पनी : **Masar Al-ban Operation And Maintenance Company**

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321466 | चलानी नं. ६०२३५७९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 10 | 0 | 1200 | ४३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३ गते (16th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : **SAFEER AL NIDA GENERAL TRADING COMPANY**

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | LT. No. 321645 | चलानी नं. ६०२३५८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 16 | 0 | 120 | ५३,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३ गते (16th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

## मलेसियामा रोजगार

कम्पनी : **HAFA SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321251 | चलानी नं. ६०२३५७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 40 | 0 | 1700 | ५२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ३ गते (16th Apr. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.**
श्रम इजाजत नं.८०१/०६५/०६६
Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +977-01-4985275
Mobile: 9845198993, E-mail : swifthrgroup@gmail.com


# सामुदायिक विद्यालयमा आफ्ना सन्तान नपढाउनेको सुविधा रोकिने

**ओखलढुंगा-** मोलुङ गाउँपालिकाले सामुदायिक विद्यालयमा छोराछोरी नपढाउने जनप्रतिनिधि, सरकारी कर्मचारी र शिक्षकको सेवा सुविधा रोक्ने भएको छ ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यअनुसार पालिकाले शैक्षिक सत्र २०८२ बाट सरकारका विभिन्न निकायमा आबद्ध तथा नियमित तलब, भत्ता तथा सेवासुविधा उपभोग गर्नेका सन्तति अनिवार्य सामुदायिक विद्यालयमा पढाउनुपर्ने निर्णय गरेको हो । गत फागुन १२ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयमा आगामी शैक्षिक सत्रको भर्ना अभियानमा सबै जनप्रतिनिधि, सरकारी कर्मचारी र शिक्षकका छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्ने उल्लेख छ ।

सोही निर्णयअनुसार पालिकाले सार्वजनिक सूचना निकालेर सामुदायिक विद्यालयतर्फ विद्यार्थीको आकर्षण बढाउन सरोकारवालाहरूले अनिवार्य गाउँकै सामुदायिक विद्यालयमा आफ्ना बालबालिका भर्ना गराउन आह्वान गरेको प्रशासकीय अधिकृत सन्तोष गौतमले जानकारी दिए । निर्णय कार्यान्वयन गर्दै भर्ना अभियान सन्देशमूलक बनाउन सबै सामुदायिक विद्यालयमा पालिकाले परिपत्र गरेको छ ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका विभिन्न चरणमध्ये सरोकारवालाका बालबालिकालाई अनिवार्य सामुदायिक विद्यालयमा पढाउने नीति यस वर्षबाट कडाइका साथ कार्यान्वयनमा ल्याउने निर्णय गरिएको गाउँपालिका अध्यक्ष उत्तम राईले बताए । 'सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्नका लागि गाउँपालिकाको कार्यपालिका बैठकले उक्त निर्णय गरेको हो,' अध्यक्ष राईले भने, 'आगामी शैक्षिक सत्रबाट पालिका मातहत रहेका सरकारी कार्यालयका कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक र जनप्रतिनिधिले अनिवार्य आफ्ना बालबालिका सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने छ, नत्र कारबाही हुन्छ, सेवासुविधा तलब रोकिन सक्छ ।'

जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकका छोराछोरी गाउँका विद्यालयमा नपढाउँदा आममानिसमा सन्देश राम्रो नगएको र सामुदायिक विद्यालयप्रति आकर्षण घटेकाले यसको सुधार गर्ने निर्णय गरिएको उनको भनाइ छ । सामुदायिक विद्यालयमा राज्यको ठूलो लगानी रहने र क्षमतावान् शिक्षक राखिने भए पनि गाउँका विद्यालयमा विद्यार्थी नहुँदा विद्यालय समायोजन गर्नुपर्ने अवस्था रहेकाले यो निर्णय गर्नुपरेको उनले बताए ।

यो निर्णय कार्यान्वयनमा प्रश्न उठे पनि मोलुङमा यसै वर्षबाट पूर्णरूपमा लागू हुने अध्यक्ष राईको भनाइ छ । जिल्लामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि जनप्रतिनिधि, सरकारी कर्मचारी र शिक्षकलगायतले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्ने आवाज विगतदेखि नै उठे पनि कार्यान्वयनमा आउन सकेको छैन । अधिकांश जनप्रतिनिधि, कर्मचारी र शिक्षकले आफ्ना बालबालिका सदरमुकाम र सहरका निजी विद्यालयमा पढाइरहेका छन् । *रासस*

# आँबुखैरेनीभित्रका विद्यार्थीको उपचार नि:शुल्क

**तनहुँ (प्रस)-** आँबुखैरेनी गाउँपालिकाले गाउँपालिकाभित्रका विद्यालयका विद्यार्थीको उपचार आँबुखैरेनी अस्पतालमा नि:शुल्क गर्ने निर्णय गरेको छ । गाउँपालिकाको शिक्षा समितिले पालिकाभित्रका कुनै विद्यार्थी बिरामी भए आँबुखैरेनी अस्पतालभित्र हुने सम्पूर्ण उपचार नि:शुल्क गर्ने निर्णय गरेको हो ।

गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले निजी तथा सामुदायिक विद्यालयका विद्यार्थीको अस्पतालमा उपचार नि:शुल्क हुने जानकारी दिए । उनले भने, 'विद्यार्थीको हितका लागि यो निर्णय गरिएको हो, अन्यत्रको अस्पतालको हकमा भने यो निर्णय लागू हुँदैन ।'

शिक्षा समितिको बैठकले निजी र सामुदायिक विद्यालयले पुन: भर्ना शुल्क वा वार्षिक शुल्क नलिने निर्णय गरेको छ । निजी विद्यालयका प्रतिनिधिसहितको बैठकले यस्तो निर्णय गरेको चुमानले बताए । केही विद्यालयले भर्ना शुल्कमा नाममा पैसा लिएको गुनासो आएपछि आफूहरूले यसमा चासो लिएको चुमानको भनाइ छ ।

स्वास्थ्यचौकीका रूपमा रहेको आँबुखैरेनी स्वास्थ्यचौकीलाई २०७९ मंसिर १ गते अस्पतालका रूपमा स्तरोन्नति गरिएको थियो । स्वास्थ्यचौकीलाई स्तरोन्नति गरी १५ शयाको अस्पताल सञ्चालन गरेको हो । अस्पतालले तनहुँको आँबुखैरेनीका अलावा जिल्लाकै बन्दीपुर, गोरखाको पालुङटार, सहिद लखन र चितवनको इच्छाकामनाका जनतालाई सेवा दिइरहेको छ ।

गाउँपालिकाले शिक्षा सुधार अभियान सञ्चालन गरिरहेको छ । अध्यक्ष चुमानले भने, 'हामी गाउँपालिकाका सबै वडामा रहेका सामुदायिक विद्यालय सुधार्न योजनासहित अगाडि बढेका छौं ।' आँबुखैरेनीका छ वडामा ३५ सामुदायिक विद्यालय छन् । ती विद्यालयमा करिब ५०० विद्यार्थी अध्ययनरत छन् ।


## धनपालथान गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सोराभाग, मोरङ
कोशी, प्रदेश

### विधुतीय बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/१२/२७**

यस धनपालथान गा.पा. आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित योजना ठेक्का प्रक्रियाबाट सञ्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीबाट रितपूर्वक E-BIDDING (विद्युतीय बोलपत्र) आव्हान गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठे.न. | ठेक्का विवरण | ल.ई. रकम मु.अ.क. बाहेक | धरौटी रकम | बोलपत्र पेश गर्ने प्रक्रिया | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | DPTRM/SBG/NCB/WORKS21/081/082 | आपूर्ति तथा जडान | २४,३८,५००/- | ७५,०००/- | E-BIDDING | ३०००/- |

थप शर्तहरु तथा जानकारीको लागि यस गा.पा. को Website:dhanpalthanmun.gov.np बाट जानकारी लिन सकिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**PRiME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

को

### तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/१२/२७ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : भलवारी, रुपन्देही**

**ऋणीको विवरण**

शमशेर बहादुर थापाको बुहारी, छविलाल थापाको पत्नी, रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **रन माया श्रीष (ना.प्र.प.नं. ८/३६०, रुपन्देही)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. कमान सिंह थापाको नाति, शमशेर बहादुर थापाको छोरा, रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १४ स्थित स्थायी ठेगाना भएको **छविलाल थापा (ना.प्र.प.नं. १३०८६, रुपन्देही)**
२. शमशेर बहादुर थापाको नाति, छविलाल थापाको छोरा, रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **आजिस थापा (ना.प्र.प.नं. ३७१०१६/४६२८३, रुपन्देही)**
३. शमशेर बहादुर थापाको नातिनी, छविलाल थापाको छोरी, रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १४ स्थित स्थायी ठेगाना भएको **सुदिक्षा थापा (ना.प्र.प.नं. ३७-०१-७७-१०७०८, रुपन्देही)**

**शाखा कार्यालय : डुम्रे, तनहुँ**

**१. ऋणीको विवरण**

भिमसेन सुनारको नाति, आइतराम सुनारको छोरा, तनहुँ जिल्ला, आँबुखैरेनी गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **बाबुराम सुनार (ना.प्र.प.नं. ६१२, तनहुँ)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

आइतराम सुनारको नाति, बाबुराम सुनारको छोरा, तनहुँ जिल्ला, आँबुखैरेनी गा.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **रविन सुनार (ना.प्र.प.नं. ४३-०१-७४-०७२२९, तनहुँ)**

**२. ऋणीको विवरण**

जगत बहादुर रानाको बुहारी, चाम बहादुर रानाको पत्नी, तनहुँ जिल्ला, बसन्तपुर गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **हुम माया राना (ना.प्र.प.नं. ३८२५, तनहुँ)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. देवु थापाको नाति , थिर बहादुर थापा मगरको छोरा, तनहुँ जिल्ला, चोक गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **परशुराम थापा मगर (ना.प्र.प.नं. ११६२९, तनहुँ)**
२. लाल बहादुर थापा मगरको नातिनी, धन बहादुर थापा मगरको छोरी, लमजुङ जिल्ला, तार्कु गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **लक्षीमा थापा मगर (ना.प्र.प.नं. २०५६३, लमजुङ)**

**शाखा कार्यालय : ४ न. जीतपुर, कपिलवस्तु**

**१. ऋणीको विवरण**

माजीद मु. को नाति, रज्जाक मो. मु. को छोरा, कपिलवस्तु जिल्ला, पतरिया गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **मोहमम्द अली (ना.प्र.प.नं.:२४१५१, कपिलवस्तु)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. माजीद मु. को नाति, रज्जाक मो. मु. को छोरा, कपिलवस्तु जिल्ला, पतरिया गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **रफी मोहमम्द मु. (ना.प्र.प.नं.:२४१५२, कपिलवस्तु)**
२. रज्जाक मो.मु. को बुहारी, मोहमम्द अलीको पत्नी, कपिलवस्तु जिल्ला, पतरिया गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **रविना मु. फकिर (ना.प्र.प.नं.: ३८-०१-०७०-३०९१४, कपिलवस्तु)**

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६५/०६/०८ मा दर्ता नं. ५९७/०६५/०६६ कायम भई दर्ता भएको कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. ९ स्थित **कमलेश किराना तथा गल्ला स्टोर्स प्रोपाइटर: संतोष बनिया**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. वंशीधर बनियाको बुहारी, संतोष बनियाको पत्नी, कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **कुमारी अन्जु गुप्ता (ना.प्र.प.नं.: ३८१०७८/६७, कपिलवस्तु)**
२. गोबरधन बनियाको नाति, वंशीधर बनियाको छोरा, कपिलवस्तु जिल्ला, अजिगरा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **संतोष बनिया (ना.प्र.प.नं.: ३८३०६६/२३०, कपिलवस्तु)**

# प्रभाव दैनिक

बुधबार, २७ चैत २०८१ (Wednesday, April 09, 2025)


### 'जनै हराएको बाहुन'को काभ्रेबाट छायांकन सुरू

फिल्म 'जनै हराएको बाहुन'को छायांकन सुरू भएको छ । काभ्रेको पनौतीबाट फिल्मले सोमबारबाट छायांकन सुरू गरेको हो । काभ्रेमा केही दिन छायांकनपछि फिल्म पाल्पा र काठमाडौंमा खिचिनेछ । मिरूना मगर, अभिनेता सुशांक मैनाली, गौरव पहाडी, भोलाराज सापकोटा, विजय बराल, केकी अधिकारी लगायत कलाकारको अभिनय रहने फिल्मका निर्देशक हिमाल न्यौपाने रहेका छन् । गाउँदेखि सहर आएका एक सरल व्यक्तिले भोग्नुपरेका अनपेक्षित घटना र त्यसले उनको जीवनमा ल्याएको परिवर्तनको कथा फिल्मले भन्नेछ ।



# सुरेश र त्रिशालाको 'माया के हो' गीति श्रव्यदृश्य सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं** – गायक सुरेश लामा र गायिका त्रिशाला गुरुङले स्वर दिएको प्रेमभाव झल्काउने 'माया के हो' बोलको गीति श्रव्यदृश्य सार्वजनिक भएको छ । सो गीति श्रव्यदृश्य सार्वजनिक गर्ने उद्देश्यले मंगलबार आयोजित पत्रकार सम्मेलनमा सङ्गीतकार अर्जुन पोखरेलले धेरै समयपछि 'रोमान्टिक शैली' को गीत सार्वजनिक गरिएको बताए ।

उनले भने, 'अहिले सामाजिक विषयका चलचित्र बढी निर्माण भएकाले प्रेम भाव व्यक्त गर्ने रोमान्टिक शैलीको गीत कम भएको आभाष भएको छ। यो गीत झैं श्रव्यदृश्यले पनि भाव व्यक्त गरेको छ। श्रव्यदृश्य निर्माण समूहले निकै मेहनत गरेको छ ।'

प्रेमराज अधिकारीले लेखेको गीतमा आधारित भई मकवानपुरको कुलेखानी तथा आसपासका क्षेत्रलाई समेटेर श्रव्यदृश्य छायांकन गरिएको निर्देशक निकेश खड्काले जानकारी दिए । दर्शकलाई नयाँ अनुभूति दिन अभिनेता आकाश श्रेष्ठ र अभिनेत्री उगेन छोदेनलाई श्रव्यदृश्यमा प्रस्तुत गरिएको उनले बताए ।

'गीतको मिठासलाई दृश्यमा व्यक्त गर्न सक्दो कोसिस गरेका छौं । दुईजना प्रेमिल जोडीको प्रेम र एकअर्काप्रतिको सम्मानलाई श्रव्यदृश्यमा देखाइएको छ । गीत नै गुनगुनाइरहने शैलीको निर्माण भएको छ', निर्देशक खड्काले भने । अभिनेता श्रेष्ठले गीत मन परेर आफू श्रव्यदृश्यमा काम गर्न इच्छुक भएको बताए । 'म अहिले चलचित्रकै तयारीमा थिएँ, त्यही भएर पछिल्ला दिनमा निकै कम श्रव्यदृश्यमा काम गरेको छु। यो गीत मन परेर मैले काम गरेको हुँ, यो आँखालाई शीतलता दिने र कर्णप्रिय गीत बनेको छ', उनले स्पष्ट गरे ।

यसैगरी, नेपाली चलचित्र 'दुई नम्बरी' मा काम गरेकी भूटानी अभिनेत्री उगेन छोदेनले नेपालमा काम गर्दा खुसी प्राप्त हुने अनुभव ससुनाइन् । उनले चलचित्रपछि पहिलोपटक श्रव्यदृश्यमा काम गरेकी हुन् ।

'म नेपालमा काम गर्न पाउँदा खुसी हुन्छु, यो समूहले निकै सहज र सरल रूपमा काम गर्ने वातावरण दियो । मैले नेपालबाट पाएको मायालाई शब्दमा व्यक्त गर्न सक्दिनँ, त्यही भएर म चलचित्रपछि पुनः काम गर्न आएकी हुँ । मेरो अन्य भूमिका पनि आउँदो वर्ष दर्शकले हेर्न पाउनेछन्', उनले भने ।

डागस्तो दोर्जी योञ्जनले निर्माण गरेको श्रव्यदृश्यलाई हरि हुमागाईंले छायांकन, सुवास तिमल्सेनाले शृंगार, कुसुम बुटिकले वेशभूषा र विकास धमलाले सम्पादन गरेका छन् ।

# आँचल बनिन् 'मिस टिन युनाइटेड नेसन्स नेपाल' विजेता

■ प्रभाव संवाददाता




**काठमाडौं–** 'मिस टिन युनाइटेड नेसन्स नेपाल २०२५'को उपाधि आँचल गिरीले जितेकी छन् ।

सोमबार साँझ सम्पन्न अन्तर्राष्ट्रिय सौन्दर्य 'युनाइटेड नेसन्स प्याजेन्टस् नेपाल २०२५'मा उनले अन्य प्रतियोगीलाई पछि पर्दै यो मिस टिनतर्फको शीर्ष उपाधि जितेकी हुन् । विजेता दुवैले अमेरिकाको फ्लोरिडा राज्यमा आयोजना हुने 'अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता युनाइटेड नेसन्स प्याजेन्टस् २०२५'मा नेपालको प्रतिनिधित्व गर्न पाउनेछन् ।

ललितपुरको झम्सिखेल स्थित द प्लाजामा भव्य कार्यक्रमसहित आयोजित प्रतियोगीतामा 'मिस्टर टिन युनाइटेड नेसन्स नेपाल २०२५'को उपाधि मृनल श्रेष्ठले हात पारे । प्रतियोगितामा दिपशिखा रुम्बा 'मिस युनाइटेड नेसन्स नेपाल २०२५' भइन् । प्रतियोगितामा पब्लिक च्वाइस अवार्ड भने ईस्मारिका मगर तथा रोहित श्रेष्ठले प्राप्त गर्दा प्रतिक्षा बस्नेत र आश्रिया तामाङले 'अर्गनाइजर च्वाइस' अवार्ड हात पारे ।

रोजिन शाक्यको कोरियोग्राफी रहेको प्रतियोगीतामा प्रतियोगीहरू दुर्गा बस्नेत, समिक्षा लामिछाने, बविता प्रधान र अनिता खाती क्षेत्रीले तयार पारेका आकर्षक पहिरनका डिजाइन सहित स्टेजमा उत्रिएका थिए । प्रतियोगिताको निर्णायकमा युनाइटेड नेसन्स प्याजेन्टस्का तर्फ अमेरिकाबाट नेपाल आएका लियन विलियम्स, फेसन डिजाइनर सजिना विष्ट, फेसन फोटोग्राफर सन्जय रौनियार र गायिका रेखा शाह रहेका थिए ।

स्मार्ट गफ आयोजक रहेको प्रतियोगीताको नेसनल डाइरेक्टर प्रमिला सिलवाल र इभेन्ट डाइरेक्टर तथा रमेश शाही रहेका थिए ।

# वैशाखमा 'मिस एसइई इटहरी'

■ प्रभाव संवाददाता

**काठमाडौं–** पाँचौं 'मिस एसईई इटहरी' आगामी वैशाखबाट सुरु हुने भएको छ । आयोजक ओपन स्पेस मिडिया प्रालिले एक विज्ञप्ति जारी गर्दै प्रतियोगिताबारे जानकारी दिएको हो ।

एसईई दिएर बसेका किशोरीलक्षित यो प्रतियोगिताको उद्देश्य बालबालिकाको प्रतिभा प्रष्फुटन गर्दै समाजको जिम्मेवार नागरिक बन्न प्रेरित गर्ने रहेको आयोजकले जनाएको छ ।

प्रतियोगिताको अडिसन वैशाख पहिलो साता हुने जनाइएको छ । प्रतियोगिताका निर्देशक सरोज श्रेष्ठले 'मिस एसईई इटहरी'लाई केवल सौन्दर्य प्रतियोगिताभन्दा पनि बौद्धिक क्षमता उजागर गर्ने माध्यमका रूपमा अगाडि बढाइने बताए ।

प्रतियोगिताको छनोट चरणमा छानिएका प्रतियोगीले व्यक्तित्व विकास, वक्तित्वकला, नेतृत्व क्षमता, अभिनय कला, र्‍याम्प वाक, मेकअप तथा फोटोग्राफीजस्ता विभिन्न विषयमा प्रशिक्षणसमेत प्राप्त गर्नेछन् ।

प्रतियोगिताका विजेताले 'प्लस टु' अध्ययनका लागि पूर्ण छात्रवृत्तिको अलवा विभिन्न उपहार जित्न सक्नेछन् ।

## रंगशाला

# एसिया छनोटका लागि नेपाली टोली घोषणा

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान)ले आइसिसी यु-१९ पुरुष क्रिकेट विश्वकप एसिया छनोट खेल्ने अन्तिम टोलीको घोषणा गरेको छ। क्यानले मंगलबार नरेन भट्टको कप्तानीमा १४ सदस्सीय टोली घोषणा गरेको हो। टोलीमा अभिषेक तिवारी, नीरजकुमार यादव, साहिल पटेल, चिब्रन श्रेष्ठ, रोशन विश्वकर्मा, दर्श सोनार, सन्तोष यादव, अशोक धामी, दयानन्द मण्डल, अप्रजित पौडेल, युवराज खत्री र विपिनप्रसाद शर्मा छन् ।

नेपालले युएईसँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ। यी दुईबीचको खेल माथिल्लो मूलपानी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा अप्रिल १३ मा हुनेछ । नेपालले दोस्रो खेल अप्रिल १६ मा हङकङसँग खेल्नेछ । यस्तै, अन्तिम खेल अफगानिस्तानसँग खेल्ने क्यानले जनाएको छ ।

**नेपालको पहिलो खेल युएईसाग**

घरेलु टोली नेपालले संयुक्त अरब इमिरेट्स (युएई)सँग खेल्दै आइसिसी यु-१९ पुरुष क्रिकेट विश्वकप एसिया छनोट सुरुआत गर्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले मंगलबार सार्वजनिक गरेको खेल तालिका अनुसार पहिलो दिन नै नेपाल र युएई भिड्ने भएका हुन् ।

यी दुईबीचको खेल माथिल्लो मूलपानी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा अप्रिल १३ मा हुनेछ । नेपालले दोस्रो खेल अप्रिल १६ मा हङकङसँग खेल्नेछ । यस्तै, अन्तिम खेल अफगानिस्तानसँग खेल्ने क्यानले जनाएको छ ।

**एनएसएल फुटबल**

# बुटवललाई हराउँदै काठमाडौंको पहिलो जित

■ प्रभाव संवाददाता



**काठमाडौं–** अमाडोउ डिओपले अन्तिम समयमा गरेको गोलले काठमाडौं रेजर्सले नेपाल सुपर लिग (एनएसएल) मा बुटबल लुम्बिनी एफसीविरुद्ध १-० को कठिन जित निकालेको छ ।

पहिलो जितसँगै चार खेलमा पाँच अंक जोडेको काठमाडौं तेस्रो स्थानमा उक्लिएको छ। पराजित बुटवल समान खेलबाट एक अंकका साथ पुछारमा छ। यससँगै बुटवलको प्ले अफ सम्भावना कमजोर भएको छ ।

खेलको दोस्रो मिनेटमा बुया टुरेको प्रहारलाई बुटवलका गोलपिकर दीप कार्कीले बचाए। छैटौं मिनेटमा मनीष डाँगीको प्रहार पोलमा लागेर फर्किदा बुटवलले अग्रता लिने अवसर गुमायो ।

गोलकिपर दीप १२औं मिनेटमा बाधक बन्दा काठमाडौंले अग्रता लिन सकेन अमाडोउ डियोपले वन भर्सेस वनको स्थितिमा गरेको प्रहारलाई दीपले अघि बढेर विफल पारेका थिए। सोहि रिबाउन्डमा बनेको अवसरमा रोहन कार्कीको प्रहारलाई पनि दीपले गोललाइन क्रस हुन दिएनन् ।

काठमाडौंका गोलपिकर अभिषेक बरालले ३८औं मिनेटमा केन्ता हाराको प्रहारलाई बचाए। पहिलो हाफको इन्जुरी समयमा टुरेको प्रहारलाई दीपले डाइभ गर्दै बचाए। डियोपले ५३औं मिनेटमा पेनाल्टी बक्स गरेको प्रहार क्रसबारमा लागरे बाहिरिदा बुटवलको संकट टर्‍यो ।

रक्षक सुमन श्रेष्ठले रातो कार्ड बेहोर्दै मैदान छाडेपछि ७१औं मिनेटमा बुटवल १० खेलाडीमा समेटियो । काठमाडौंका अलिजोन अलिजोनोभलाई मुक्का प्रहार गरेपछि फिफा रेफ्री प्रज्वल क्षेत्रीले सुमनलाई सीधै रातो कार्ड देखाएका थिए ।

डिओपले ८९औं मिनेटमा गोल गरे । भिन्सेन्ट कोजिइल्लोसँग तालमेल मिलाउँदै बक्स लाइनन जिकबाट उनको प्रहारलाई बुटवलका गोलकिपर दीपले बचाउन सकेनन् ।

**आइपिएल क्रिकेट**

# कोलकातामाथि लखनउको रोमाञ्चक जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** कप्तान अजिंक्य रहाणेको अर्धशतकको बाबजुद घरेलु टोली कोलकाता नाइट राइडर्सले इन्डियन प्रिमियर लिग (आइपिएल) मा तेस्रो हार बेहोरेको छ । मंगलबार सम्पन्न खेलमा लखनउ सुपर जायन्ट्सले कोलकातामाथि चार रनको रोमाञ्चक जित हात पारेको हो । योसँगै लखनउले पाँच खेलबाट ६ अंक पुर्‍याएको छ । समान खेल खेलेको कोलकाताको चार अंक छ ।

लखनउले दिएको २३९ रनको विशाल लक्ष्य पछ्याएको कोलकाताले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै २३४ रन मात्रै बनाउन सक्यो ।

कोलकाताका कप्तान अजिंक्यले सर्वाधिक ६१ रन बनाए । ३५ बल खेलेका उनले आठ चौका र दुई छक्का प्रहार गरे । वेंकटेस अय्यरले २९ बलमा आठ चौका र दुई छक्कासहित ४५ रन बनाए । तर, यी दुई ब्याटरले टोलीको हार टार्न सकेनन् । सुनील नारायण ३० र क्विन्ट डि कक १५ रनमा आउट भए । रिन्कु सिंहले १५ बलमा ६ चौका र दुई छक्कासहित ३८ रनको अविजित इनिङ्स खेले ।

लखनउका आकाश दीप र सर्दूल ठाकुरले समान दुई विकेट लिए ।

त्यसअघि इडेन गार्डेन्समा टस हारेर पहिला ब्याटिङ थालेको लखनउले तीन विकेट गुमाउँदै २३८ रन बनाएको थियो ।

लखनउका निकोलसले सर्वाधिक ८७ रन बनाए । ३५ बल खेलेका उनले सात चौका र आठ छक्का प्रहार गरे । मिचेल मार्शले ४८ बलमा ६ चौका र पाँच छक्कासहित ८१ रन बनाए ।

एडन माक्रम ४७ रनमा आउट हुँदा डेभिड मिलर चार रनमा अविजित रहे । कोलकाताका हर्षित रानाको नाममा सर्वाधिक दुई विकेट रह्यो ।

# दक्षिण कोरियामा जुन ३ मा राष्ट्रपति निर्वाचन हुने

**सियोल-** दक्षिण कोरियाका कार्यवाहक राष्ट्रपतिले मंगलबार जुन ३ मा राष्ट्रपतीय निर्वाचन हुने घोषणा गरेका छन् । मुलुकका पूर्वराष्ट्रपति युन सुक योलको मार्सल ल घोषणाको विनासकारी प्रयासपछि उनलाई पदबाट हटाइएपछि यो निर्णय आएको हो ।

पूर्वराष्ट्रपति युनले नागरिक शासन अवरुद्ध गर्ने प्रयास गरेको तर सांसदहरूद्वारा तुरुन्तै महाभियोग लगाइएको र पदबाट निलम्बन गरिएपछि दक्षिण कोरिया डिसेम्बरदेखि प्रभावकारीरूपमा नेतृत्वविहीन रहेको छ । गत हप्ता अदालतले उनको महाभियोगलाई सदर गरेको थियो । उक्त फैसलाले उनलाई शीर्ष पदबाट हटाएसँगै ६० दिनभित्र नयाँ निर्वाचन गराउनुपर्ने प्रावधानअनुसार नयाँ निर्वाचनको मार्ग खुलेको हो ।

सरकारले 'राष्ट्रिय निर्वाचन आयोग र अन्य सम्बन्धित निकायहरूसँग छलफल गरेको' प्रधानमन्त्री हान डक-सुले मंगलबार बताए । यसले 'सहज निर्वाचन सञ्चालन सुनिश्चित गर्न र राजनीतिक दलहरूलाई तयारीका लागि पर्याप्त समय दिन आवश्यक छ' भन्ने कुरालाई पनि ध्यानमा राखेको उनले बताए । फलस्वरूप 'दक्षिण कोरियाको २१औं राष्ट्रपति निर्वाचनको मिति जुन ३ तोक्ने निर्णय गरेको' भन्दै उनले मतदानलाई सहज बनाउन त्यस दिनलाई अस्थायी सार्वजनिक बिदाका रूपमा तोकिने जानकारी दिए ।



प्रधानमन्त्री हानले मन्त्रालय र राष्ट्रिय निर्वाचन आयोगलाई 'पहिलेभन्दा निष्पक्ष र पारदर्शी एवं जनताको विश्वास कमाउन सक्ने निर्वाचन सुनिश्चित गर्न पूर्ण तयारी गर्न' आह्वान गरे । नियमित निर्वाचनमा राष्ट्रपति-निर्वाचित व्यक्तिलाई दुई महिनाको संक्रमणकालीन अवधि दिइन्छ भने जुन ३ को निर्वाचनमा विजयी हुने व्यक्ति अर्को दिनै पदमा नियुक्त हुने छन् ।

अहिलेका लागि प्रधानमन्त्री हानले कार्यवाहक राष्ट्रपतिका रूपमा सरकार चलाइरहेका छन् । संवैधानिक अदालतले उनको आफ्नै महाभियोगलाई खारेज गरेपछि उनले भर्खरै पुनः काम सुरु गरेको हुन् ।

### चुनावी अभियान मेदेखि सुरु

राष्ट्रपति निर्वाचन सामान्यतया बुधबारहरूमा गरिन्छ तर रिक्त पदपूर्तिका लागि आयोजित आकस्मिक मतदानका लागि कुनै विशेष दिन तोकिएको छैन । आधिकारिक चुनावी अभियान मे १२ देखि जुन २ सम्म चल्ने छ ।

विपक्षी नेता ली जे-म्युङ अहिलेसम्मको जनमत सर्वेक्षणमा अग्रस्थानमा रहेका छन् । पछिल्लो ग्यालप सर्वेक्षणअनुसार उनको समर्थन दर ३४ प्रतिशत रहेको छ । उनको पार्टीले पहिले नै राष्ट्रिय विधानसभामा नियन्त्रण गरेको छ ।

सन् २०२२ को राष्ट्रपति चुनावमा उन युनसँग थोरै मतले पराजित भए तर चलिरहेको मुद्दासहित कानुनी समस्याहरूले छायामा पारेको करिअरका बाबजुद मुख्य विपक्षी दलका नेताका रूपमा राजनीतिक पुनरागमन गरे ।

दोस्रो स्थानमा श्रममन्त्री किम मुन-सु छन् । नौ प्रतिशत मत पाउँदै उनले युनको पिपल्स पावर पार्टीका चुनौतीकर्ताहरूको समूहको अगुवाइ गर्दै छन् । यसमा पूर्वपार्टी प्रमुख हान डोङ-हुन पनि समावेश छन् । लाखौं कोरियालीले शुक्रबार संवैधानिक अदालतले युनलाई पदबाट हटाउने फैसला प्रत्यक्ष टेलिभिजनमा हेरेका थिए ।

युनले सांसदहरूलाई आफ्नो आदेशलाई मतदान गर्नबाट रोक्नका लागि सशस्त्र सैनिकहरू संसद्मा पठाएका थिए । उक्त आदेशलाई अदालतले 'राजनीतिक उद्देश्यका लागि' सेना तैनाथ गरेको बताएको छ ।

युन सन् २०१७ मा पार्क ग्युन-हाइपछि अदालतले महाभियोग लगाउने दोस्रो दक्षिण कोरियाली नेता छन् । दक्षिण कोरियाले मार्सल ल घोषणा गरेदेखि चार महिना राज्यका प्रभावकारी प्रमुखविना बिताएको छ । नेतृत्वको अभावमा देशले विमान दुर्घटना र देशको इतिहासमा सबैभन्दा घातक डढेलो लगायत विभिन्न संकट र चुनौतीहरू भोग्नुपरेको छ ।

गत हप्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वव्यापी तथाकथित पारस्परिक करहरू लगाउनुभएपछि दक्षिण कोरियामाथि प्रमुख सहयोगी संयुक्त राज्य अमेरिकामा गरिने निर्यातमा २५ प्रतिशत भन्सार महसुल लगाइएको थियो । युनले मार्शल ल प्रयाससँग सम्बन्धित विद्रोहको आरोपमा अलग फौजदारी मुद्दाको सामना पनि गरिरहेका छन् । *रासस⁄एएफपी*

# चीनको सैन्य विस्तार 'आश्चर्यजनक' : नाटो प्रमुख

**टोकियो-** मंगलबारदेखि सुरु भएको जापान भ्रमणमा नाटो प्रमुखले चीनको सशस्त्र बलको विस्तार 'आश्चर्यजनक' रहेको बताएका छन् । नाटो प्रमुखको भ्रमण एसिया-प्रशान्त क्षेत्रमा गठबन्धनको शक्ति 'प्रक्षेपण' गर्ने उद्देश्यले आयोजना गरिएको हो ।

'हामीले चीनप्रति सरलताका साथ काम लिनु हुँदैन,' महासचिव मार्क रुटले सोमबार प्रकाशित जापान टाइम्सलाई भने, 'उनीहरूको सशस्त्र सेनाको विस्तार र रक्षा उद्योग तथा रक्षा क्षमताहरूमा गरेको लगानी आश्चर्यजनक छ ।'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मुख्यतः युरोपेली नाटो गठबन्धनका अन्य सदस्यहरूलाई उनीहरूको सैन्य खर्च बढाउन दबाब दिइरहेका छन् । साथै उनले एसिया-प्रशान्त सहयोगीहरूलाई चीनको सामना गर्न र उत्तर कोरियालाई नियन्त्रण गर्न सहयोग पुर्‍याउन उनीहरूको सैन्य शक्ति बढाउन चाहेका छन् ।

'अमेरिकाले धारा ५ मा नभई शक्ति प्रक्षेपण गर्ने र नाटोभित्र एकअर्कालाई समर्थन गर्ने अर्थमा नाटोलाई (क्षेत्रमा) बढी संलग्न भएको हेर्न चाहन्छ,' रुटले भने । नाटोको धारा ५ ले यदि एक सदस्य राष्ट्रमाथि आक्रमण गरिएमा अन्य सबैले यसलाई सबैमाथि आक्रमण मानेर सोहीअनुसार कारबाही गर्ने छन् भन्ने व्यवस्था गर्दछ ।

रुटले मंगलबार योकोसुका नौसेना आधारको भ्रमण गर्ने र बुधबार प्रधानमन्त्री सिगेरु इसिबासहित वरिष्ठ जापानी अधिकारीहरूलाई भेट्ने कार्यक्रम थियो । नाटोले पछिल्ला वर्षहरूमा तथाकथित आइपी-४ भनेर जानिने जापान, दक्षिण कोरिया, अस्ट्रेलिया र न्युजिल्याण्डसँगको सम्बन्ध बढाउन कदम चालेको छ । यी मुलुकका नेताहरू नाटो शिखर सम्मेलनहरूमा उपस्थित हुँदै आएका छन् ।

रुटले गत हप्ता जापान टाइम्सलाई नाटोले सूचना साझेदारी र रक्षा-औद्योगिक सहयोग बढाएर यो साझेदारीलाई अर्को स्तरमा लैजान चाहेको बताएका थिए । 'हामीले संयुक्त घोषणाहरूभन्दा अगाडि बढ्नुपर्दछ' यसलाई व्यावहारिक बनाऔं,' गत अक्टोबरमा नाटो प्रमुख बनेका डच नागरिक रुटले भने ।

जापानले युरोपका देशहरूसँग सैन्य सहयोग बढाएको छ र गत नोभेम्बरमा टोकियो र युरोपेली संघ (इयू) ले नयाँ सुरक्षा र रक्षा साझेदारीको घोषणा गरेका थिए । *रासस⁄एएफपी*


## युएइमा रोजगार

कम्पनी : INFINITY HENNA & BEAUTY SALOON

पूर्व स्वीकृति मिति : २०८१/१२/२५  LT. No. 321650  चलानी नं. ६०२३५८१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Saloon Worker | 0 | 3 | 1500 | ५६,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८२ वैशाख ३ गते (16th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.१६२४/०७९/०८०

F.S WORKER AGENCY PVT. LTD.
Maharajgunj-4, Kathmandu, Nepal, Contact no.:+977-1-5914593, 5914594
Email: info@fsworkeragency.com.np



## युएइमा रोजगारको अवसर

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C
शहर : Abu Dhabi

पूर्व स्वीकृति मिति : २०८१/१२/२५  LT. No. 321599  चलानी नं. ६०२३५७२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 800 | २९,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८२ वैशाख ३ देखि ६ गते (16-19 Apr. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

A.K. OVERSEAS (PVT.) LTD.
श्रम इजाजत नं.४९४/०६१/०६२
Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027, 9851085705, 9841711205, 9851086618
Email: akoverseas494@gmail.com


# ट्रम्पको धम्कीविरूद्ध लड्ने चीनको प्रतिज्ञा

**बेइजिङ-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दिएको ५० प्रतिशत थप भन्सार महसुलको धम्कीविरुद्ध चीनले मंगलबार 'अन्त्यसम्म लड्ने' प्रतिज्ञा गरेको छ । चीनको उक्त घोषणाले विश्वबजारबाट पहिले नै खर्बौं डलर गुमाइसकेको व्यापारिक युद्धलाई अझ बढाएको छ ।

ट्रम्पले गत हप्ता व्यापक भन्सार महसुल लगाएर विश्व अर्थतन्त्रलाई हल्लाएका थिए । यसले अन्तर्राष्ट्रिय मन्दीको खतरा उत्पन्न गरेको छ तर बजारमा नाटकीय गिरावट आए पनि उनले आफ्नो आक्रामक व्यापार नीतिमा कुनै विराम दिने सम्भावनालाई अस्वीकार गरेका छन् ।

विश्वको दुई ठूला अर्थतन्त्र बीचको भिडन्तमा वासिङ्टनको प्रमुख आर्थिक प्रतिद्वन्द्वी बेइजिङले बिहीबारदेखि लागू हुने अमेरिकी सामानहरूमा आफ्नै ३४ प्रतिशत भन्सार शुल्कको घोषणा गरेर प्रतिक्रिया दिएको छ ।

चीनबाट आएको द्रुत प्रतिक्रियाले ट्रम्पबाट नयाँ चेतावनी प्राप्त गरेको छ । यदि बेइजिङले उनको भन्सार महसुलको ब्यारेजविरुद्ध पछि हट्न अस्वीकार गरे उनले थप शुल्क लगाउने बताएका छन् । यसले चिनियाँ वस्तुहरूमा कूल भन्सार शुल्क १०४ प्रतिशत पुऱ्याउने छ । 'मलाई चीनप्रति ठूलो सम्मान छ तर उनीहरूले यस्तो गर्न सक्दैनन्,' ट्रम्पले ह्वाइट हाउसमा भने, 'हामीसँग एउटा मौका छ... म तपाईंलाई के भन्छु भने, यो गर्नु सम्मानको कुरा हो ।'



अमेरिकाले गरेको 'ब्ल्याकमेलिङ' को आलोचना गर्दै चीनले तुरुन्तै प्रतिक्रिया दिएको छ र यस्तो कार्यलाई 'कहिल्यै स्वीकार नगर्ने' बताएको छ । 'यदि अमेरिका आफ्नै बाटोमा हिँड्न जोड दिन्छ भने, चीनले अन्त्यसम्म लड्ने छ । ट्रम्पको धम्कीले एकपटक फेरि अमेरिकाको ब्ल्याकमेल गर्ने प्रकृतिलाई उजागर गर्दछ,' बेइजिङको वाणिज्य मन्त्रालयका प्रवक्ताले मंगलबार भने, 'यदि अमेरिकाले आफ्ना भन्सार शुल्क उपायहरू बढाउँछ भने, चीनले आफ्नो अधिकार र हितहरूको रक्षा गर्न दृढतापूर्वक जवाफी कदम चाल्ने छ ।'

मन्त्रालयले संयुक्त राज्य अमेरिकासँग 'संवाद' चाहेको र 'व्यापार युद्धमा कुनै विजेता नहुने' दोहोऱ्याएको छ ।

### बजार अशान्ति

ट्रम्पको भन्सार महसुलले पछिल्ला दिनहरूमा बजारमा पहिले नै नाटकीय प्रभाव पारेको छ । एसियाली वित्तीय संकटयताको सबैभन्दा खराब दिन हङकङको ह्याङ सेङ सोमबार १३.२ प्रतिशतले खस्केको छ । त्यसपछि मंगलबारको कारोबारको सुरुआतमा केही नोक्सानी फिर्ता गरेको छ ।

अस्थिर सत्रपछि वाल स्ट्रिट सेयरहरू घटेर समाप्त भए । डाउ र एसएन्डपी ५०० दुवै घट्दै अन्त्य भए । हालैका सत्रहरूमा संयुक्त सेयर बजार मूल्यांकनबाट खर्बौं डलर उडेको छ । ट्रम्पले सोमबार फेरि दोहोऱ्याउँदै भन्सार महसुल कार्यान्वयनमा कुनै 'विराम नहेरिरहेको' बताए । उनले भन्सार महसुलका बारेमा चीनसँग कुनै पनि बैठक रद्द गरे तर वार्ता गर्न इच्छुक कुनै पनि देशसँग वार्ताका लागि संयुक्त राज्य अमेरिका तयार रहेको बताए ।

सोमबार सांघाईमा सेयरहरूले ठूलो धक्का खाएपछि चीनको केन्द्रीय बैंकले मंगलबार कारोबार पुनः सुरु हुनुअघि एक बयान जारी गरी बजारलाई स्थिर बनाउन एक्सचेञ्ज ट्रेडेड फण्डहरू खरिद गर्दा यो सार्वभौम कोषको पछाडि उभिएको छ भनेर जोड दिएको छ ।

विनासकारी व्यापार युद्धबाट कुनै राहत खोज्ने लगानीकर्ताहरूका साथ टोकियोमा मंगलबार सेयरहरू उचालिए । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले फक्स न्युजसँगको अन्तर्वार्तामा जापानले अमेरिकी भन्सार महसुलमा 'वार्तामा प्राथमिकता' पाउने संकेत दिने भएपछि 'सेयरहरू धेरै चाँडै अगाडि आए' ।

अमेरिकी आयातमा विश्वभरबाट १० प्रतिशत 'आधार' भन्सार महसुल शनिबार लागू भयो र बुधबारदेखि धेरै देशमा उच्च भन्सार शुल्क लाग्ने छ । यसमा चिनियाँ वस्तुहरूका लागि ३४ प्रतिशत र युरोपेली संघ (इयू) उत्पादनहरूका लागि २० प्रतिशत भन्सार शुल्क समावेश छ ।

धेरै मुलुकले वार्ता खोजेको बेसेन्टले फक्स न्युजलाई बताए । 'राम्रो वार्तामार्फत हामीले गर्ने सबै कुरा भनेको स्तरहरू घट्नु हो,' उनले भने । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँग भेट्दा भन्सार शुल्कहरूमाथि ट्रम्पसँग व्यक्तिगत रूपमा वकालत गर्ने पहिलो नेतासँग अमेरिकी राष्ट्रपतिले भने, 'त्यहाँ स्थायी भन्सार महसुल हुनसक्छ र त्यहाँ वार्ता पनि हुनसक्छ, किनकि भन्सार महसुल बाहेक हामीलाई चाहिने कुराहरू छन् ।'

इयुका व्यापार मन्त्रीहरू सोमबार लक्जमबर्गमा ब्लकको प्रतिक्रियाबारे छलफल गर्न आएका थिए । त्यहाँ जर्मनी र फ्रान्सले अमेरिकी प्रविधि दिग्गजहरूलाई लक्षित कर लगाउन पैरवी गरेका थिए । 'हामीले वस्तुहरूमा, सेवाहरूमा कुनै पनि विकल्प बाहिर राख्नु हुँदैन,' फ्रान्सेली व्यापारमन्त्री लरेन्ट सेन्ट-मार्टिनले भने, '२७ राष्ट्र ब्लकले युरोपेली टुलबक्स खोल्नुपर्छ जुन धेरै व्यापक छ र अत्यन्तै आक्रामक पनि हुनसक्छ ।' *रासस⁄एएफपी*


## युएइमा रोजगार

कम्पनी : Mohsin Talib Technical Services Co. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/२६  LT. No. 321573  चलानी नं. ६०२३५८४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 8 | 0 | 800 | २९,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1200 | ४४,९४५ | | | | | | | |
| 3 | Plasterer | 3 | 0 | 1200 | ४४,९४५ | | | | | | | |
| 4 | Plumber | 3 | 0 | 1200 | ४४,९४५ | | | | | | | |
| 5 | Scaffolder | 6 | 0 | 1200 | ४४,९४५ | | | | | | | |
| 6 | Steel Fixer | 4 | 0 | 1200 | ४४,९४५ | | | | | | | |
| 7 | Stone Mason | 3 | 0 | 1200 | ४४,९४५ | | | | | | | |
| 8 | Welder | 3 | 0 | 1200 | ४४,९४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८२ वैशाख ३ गते (16th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

APPOLO OVERSEAS SERVICES (P) LTD.
Samakhushi,Townplanning, KTM, Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com, www.appolooverseas.com
Govt. License 586/062/063



Government of Nepal
Ministry of Urban Development
**Department of Urban Development and Building Construction (DUDBC)**
**Regional Urban Development Project (RUDP)**
**Strengthening Systems to Project and Uplift Women Project (SSPUWP)**
**Project Implementation Unit (PIU)**
**Babarmahal, Kathmandu**

## LETTER OF INTENT

***Date of Publication: 2081/12/27 (09 April 2025)***

This is to notify to all the concerned bidders regardingour intention to award the contract for the following project to the substantially responsive lowest evaluated bidder. This notice is published as per the provision stipulated in Public Procurement Act 2063, Clause 27; sub-clauses (2), (3) and Clause 47.

| Contract No./ Name of Work | Substantially Responsive Bidder | Bid Amount (including PS and VAT) |
|---|---|---|
| SSPUWP/Works/WCSCSC/Madhesh/CW-06, Construction of Women Children and Senior Citizens Service Centre (WCSCSC) in Gaur,Rauthat district of Madhesh Pradesh | Nawa Kantipur Construction Company Pvt. Ltd., Maharajgunj, Kathmandu | NRs. 46,079,171.01 |



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १७३४०० | प्रति तोला - ० | प्रति तोला - १८३० |



**आलु महोत्सव** | आलु गाउँको रूपमा देशमा प्रख्यात पोखरा महानगरपालिका-२५ हेमजामा सञ्चालन भइरहेको आलु महोत्सवमा आलु खरिद गर्दै सर्वसाधारण। महोत्सव स्थलमा आलुको पहाड बनाइएको छ, उक्त पहाडबाट महोत्सव अवधिभर आलु खरिदबिक्री हुनेछ।

*तस्बिरः कृष्ण दवाडी/रासस*

# 'पोखरा-छेन्दु उडानलाई नियमित गर्न सबैको सहयोग आवश्यक'

■ प्रभाव संवाददाता



**लेखनाथ (कास्की)–** पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट सुरु भएको चीनको सिचुवान प्रान्तको छेन्दुको सिधा उडानलाई निरन्तरता दिन सबैको साथ र सहयोग आवश्यक पर्ने बताएका छन्।

पोखरा पर्यटन परिषद्द्वारा सोमबार पोखरामा आयोजित पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट चीनको छेन्दुमा गरिएको पहिलो व्यावसायिक चाटर्ड उडानका सहभागीलाई सहभागिताको प्रमाणपत्र वितरण कार्यक्रममा उनले उक्त उडानसँगै पोखराबाट अन्तरराष्ट्रिय उडानका सम्भावनालाई बढाएको बताए।

पहिलो अन्तरराष्ट्रिय उडानका क्रममा छेन्दु, लुम्झाउ, छोङ्छिङलगायत सहरमा भएका कार्यक्रमले दुई देशबीचको सम्बन्धसँगै पर्यटकीय साझेदारीलाई अझै उजागर गरेको बताउँदै उनले सिचुवान एयरलायन्सको विश्वका धेरै देशमा रहेको सञ्जालको उपयोग हुनुपर्ने आवश्यकता औँल्याए।

चीनले माउन्ट कैलाश नजिकै निर्मित आली विमानस्थलमा पोखराबाट सिधा उडान गर्न सकिएको जनाउँदै महानगरप्रमुख आचार्यले त्यसले यहाँको अर्थतन्त्रलाई महत्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गरे। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरा-छेन्दु पहिलो व्यावसायिक चाटर्ड उडानका क्रममा नेपाल पर्यटन बोर्डले छेन्दु र छोङ्छिङमा आयोजना गरेको बिटुबी तथा सेल्स मिसनले यहाँको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको बताए।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पहिलो सफल उडानसँगै पोखरा-चीनको सम्बन्धलाई थप उजागर गरेको बताउँदै उडानको निरन्तरताका लागि सबैको सामूहिक प्रयास आवश्यक पर्नेमा जोड दिए। परिषद्का महासचिव एवं कार्यक्रम संयोजक जीवनराज सापकोटाले पहिलो व्यावसायिक उडानमा साथ र सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गर्दै यस कार्यक्रमले चीनका विभिन्न सहरसँग पोखराको सम्बन्धलाई प्रगाढ बनाएको धारणा राखे।

कार्यक्रममा परिषद्का संस्थापक अध्यक्ष अशोक पालिखे, रामकली खड्का, दीपक पहारीलगायतले चीनको विकाससँगै त्यहाँको अनुशासन, सरसफाइलगायत पक्षलाई अनुकरण गर्नु आवश्यक रहेको धारणा राखे।

# अन्नपूर्ण आरोहण सुरू

## एकै दिन ३२ आरोही चुचुरोमा

■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीमा रहेको अन्नपूर्ण हिमालमा चालु वसन्त यामको आरोहण सुरु भएको छ। आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्छ। आरोहण सुरु भएको पहिलो दिन सोमबार बिहान ८ देखि ११ बजेको बीचमा नेपाली शेर्पा र विदेशी पर्वतारोहीसहित ३२ जनाले सफल आरोहण गरेका नेपाल पर्वतारोहण संघले जनाएको छ।

सङ्घका महासचिव मोहन लम्सालले सेभेन समिट ट्र्याकबाट नौ, पायनियर एडभेन्चरबाट आठ, आठके एक्सपिडेसन बाट नौ, इमाइजिन नेपालबाट तीन र मकालु एभेन्चरबाट दुईजनाले अन्नपूर्णको सफल आरोहण गरेको जानकारी दिए। अन्य दिनको तुलनामा सोमबार मौसम अनुकूल भएकाले धेरै आरोही अन्नपूर्णको शिखरमा पुग्न सफल भएको उनले बताए।

आरोहण टोलीका दुईजना शेर्पा हिउँपहिरोमा बेपत्ता भएका छन् भने अरू सकुशल आधार शिविर फर्किएका छन्। क्याम्प दुई र तीनको बीचमा हिउँ पहिरो आउँदा बेपत्ता भएका सोलुखुम्बुका रिमा शेर्पा र निमा टासी शेर्पाको खोजीमा हेलिकप्टर र शेर्पाको टोली परिचालन गरिएको छ।

आरोही मिग्मा शेर्पाले धेरै जोखिम मोलेर अन्नपूर्णको आरोहण गर्न सफल भएको सामाजिक सञ्जाल 'फेसबुक' मा लेखेका छन्। 'सुक्खा अवस्था, धेरै दरार, क्याम्प दुई र क्याम्प तीनबीचको घातक हिमपहिरोले ज्यान बचाउन कठिन भयो', उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'अठोट र साहसका कारण चुचुरोमा पुगेर यो सुन्दर हिमाललाई बिदाइ गरे, अन्नपूर्णको सुन्दरताले मलाई सधैँ आकर्षित गर्दथ्यो, तर अब यहाँ मेरो ज्यान जोखिममा पार्न सक्दिनँ।'

वसन्त याममा अन्नपूर्ण आरोहणका लागि ६६ जनाले अनुमति लिएका छन्। गत वर्ष जम्मा २५ जनाले मात्र अनुमति लिएका थिए। चार हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा आरोही, शेर्पा, पथप्रदर्शक, मजदुर र पर्यटकहरूले भरिएको छ।

अन्नपूर्णको अहिलेसम्म ५२० जनाले सफल आरोहण गरेका पर्यटन विभागले जनाएको छ। सन् १९५० मा फ्रान्सका मौरिस हर्जोगले अन्नपूर्ण पहिलोपटक आरोहण गरेका थिए। प्रथम आरोही मौरिस हर्जोग आरोहणका क्रममा प्रयोग गरेको बाटोलाई पहिचान गरेर नारच्याङ-आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्ग निर्माण गरिएको छ।

गाउँपालिकाको केन्द्र पोखरेबगरबाट २२ किलोमिटरसम्म सवारी साधनको यात्रा गरी होमखोलासम्म पुगेपछि त्यहाँबाट २१ किलोमिटरको पदैलयात्राबाट आधार शिविर पुग्न सकिन्छ। पदमार्गमा रहेको फुतफते झरना, आधार शिविरमा रहेको आकर्षक पञ्चकुण्ड ताल र हिमालको प्राकृतिक सुन्दरताले गर्दा यो क्षेत्र पछिल्लो समय नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ।

# नेप्सेमा सामान्य गिरावट




**काठमाडौं (प्रस)–** पछिल्लो केही दिन यता निरन्तर ओरालो लागेको सेयर बजार मंगलबार सुधारको प्रयासमा रहेको भएपनि अन्त्यमा करिब साढे ३ अंकले घटेर बन्द भएको छ। बजार खुल्नासाथ निरन्तर ओरालो लागेको नेप्से ३९ अंकसम्म तल झरेको थियो। तर बजार बन्द हुने समयसम्म आइपुग्दा सकारात्मक देखिएको भएपनि अन्त्यमा भने झिनो अंक नकारात्मक भएर बन्द भएको छ।

मंगलबार नेप्से परिसूचक ३.४४ अंक घटेर २६६६.६१ विन्दुमा झरेको छ। यस दिन सूचकसँगै कारोबार रकम पनि घटेको छ। अघिल्लो कारोबार दिन साढे ५ अर्बभन्दा बढीको सेयर खरिदबिक्री भएको बजारमा मंगलबार ५ अर्ब ३० करोड ९५ लाख ६८ हजार रूपैयाँबराबरको सेयर खरिदबिक्री भएको छ।

१३ उपसमूहमध्ये यस दिन ४ उपसमूहको परिसूचक बढेको छ भने ९ उपसमूहको परिसूचक परिसूचक घटेको छ। यस दिन उत्पादन तथा प्रशोधन उपसमूहको परिसूचक सर्वाधिक १.५७ प्रतिशत बढेको छ। त्यस्तै, यस दिन वित्त, निर्जीवन बीमा र व्यापार उपसमूहको परिसूचक सामान्य बढेको छ। यस दिन ३ स्टकको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ। यस दिन बोटलर्स नेपाल (बालाजु), विन नेपाल लघुवित्त वित्तीय संस्था र नेपाल माइक्रो इन्स्योरेन्सको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो। बाराही हाइड्रोपावर पब्लिकको सेयरमूल्य सर्वाधिक ५.८५ प्रतिशत घटेको छ।

एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट सबैभन्दा धेरै ५९ करोड १४ लाख रूपैयाँ बराबरको सेयर खरिदबिक्री भएको छ। त्यस्ते, यस दिन हिमालयन रि इन्स्योरेन्सको साढे ४० करोडभन्दा बढीको सेयर कारोबार भएको छ।

# चैते धानखेतीमा किसानलाई आकर्षित गर्न अनुदान

**डुम्रे (तनहुँ)–** चैते धानखेतीतर्फ किसानलाई आकर्षित गर्ने उद्देश्यले तनहुँमा 'चैते धानखेती प्रवर्द्धन कार्यक्रम' सञ्चालन गरिएको छ। अधिकांश सिञ्चित क्षेत्रका खेतमा चैते धान रोपाइँ जारी रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

केन्द्रले चैते धानखेती प्रवर्द्धन कार्यक्रममार्फत किसानलाई ७५ देखि ८५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरी सहज बनाइएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत एवं सूचना अधिकारी किरण परियारले जानकारी दिए। उनले धान आयातलाई कम गराउने लक्ष्यका साथ अनुदानको व्यवस्था गरिएको बताए।

'चैते धानखेती गर्ने किसानले छाड्ने क्रम बढ्दै गएकाले प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो, उर्वरभूमिमा नै खेती गर्न छाड्दै गएको पाइन्छ', उनले भने, 'विशेषगरी खेतीयोग्य जमिन बाँझो राख्ने अवस्थामा पुगेपछि यस कार्यक्रमले किसानलाई सहयोग पुग्नेछ।' कृषि पेसामा आकर्षित गर्न पनि यसले टेवा पुग्ने सूचना अधिकारी परियारको भनाइ छ।

सूचना अधिकारी परियारका अनुसार कार्यक्रमअन्तर्गत ढुवानी, बीउ, सिँचाइ, उपकरण खरिदमा अनुदानको व्यवस्था गरिएको छ। धानको बीउमा ७५ प्रतिशत र सिँचाइअन्तर्गत कुलो निर्माण र मर्मतमा ८५ प्रतिशत अनुदानको व्यवस्था छ। दुई हजार ९४० रोपनी खेतमा चैते धानखेती गर्न १३ वटा कृषक समूह तथा सहकारी यस कार्यक्रममा समावेश भएका छन्।

कार्यक्रमका लागि रु ५० लाख बजेट विनियोजन भएको छ। कृषक समूह तथा सहकारीसँग सम्झौतासमेत भइसकेको केन्द्रले जनाएको छ। कार्यक्रमअन्तर्गत धान चुट्ने थ्रेसर, खेत जोत्ने मिनीटिलर तथा ट्र्याक्टरमा अनुदानको व्यवस्था गरिएको छ। सिँचाइ (कुलो) निर्माणका लागि रु २० लाख बजेट विनियोजन भएको छ।

चैते धान विशेषगरी चिउराका लागि प्रयोग गरिने तर खेत बाँझो हुँदा भारतबाट आयात हुने गरेको सूचना अधिकारी परियारको भनाइ छ। किसानबाट माग धेरै आए पनि बजेट कम हुँदा सबैलाई समेट्न समस्या भएको उनले बताए।

जिल्लाका ठूला फाँट सत्रसय, सेपाबगैँचा, कलेस्ती, पुर्कोट, म्याग्दे, तनहुँसुर, गजरकोटको अत्रौली, आँबुखैरेनी, साँगे फाँटलगायत स्थानमा रोपाइँ भइरहेको छ। उनले भने, 'हालसम्म सिञ्चित क्षेत्रको ८५ प्रतिशत चैते धान रोपाइँ सकिएको छ।'

केही वर्षयता चैते धानखेती कम हुँदै गएकाले यस कार्यक्रम सञ्चालन गरिएको उनले बताए। उनका अनुसार बर्सेनि चैते धानखेती घट्दै गएको छ। अघिल्ला वर्ष छ हजार हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिन्थ्यो। गत वर्ष एक हजार ८०२ हेक्टरमा चैते धानखेती गरिएकामा आठ हजार ७०४ मेट्रिक टन धान उत्पादन भएको थियो।

यसैगरी आव २०७९/८० मा दुई हजार ४७० हेक्टर जमिनमा खेती गरिएकामा ११ हजार १८३ मेट्रिक टन धान उत्पादन भएको थियो। चैते धानखेती प्रवर्द्धन कार्यक्रमले धान उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको केन्द्रले जनाएको छ।

जिल्लामा करिब ५१ हजार ५५० हेक्टर क्षेत्रफलमा खेतीयोग्य भूमि रहेको छ। त्यसमध्ये छ हजार ३४७ हेक्टर क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध छ। तेह्र हजार ५८३ हेक्टर सिञ्चित क्षेत्र र सात हजार २३६ हेक्टर क्षेत्रफलमा बेमौसमी सिँचाइ सुविधा रहेको हुँदा अकासे पानीको भरमा पनि किसानले धानखेती गर्छन्। समयमा पानी नपर्दा यस वर्ष चैते धानखेती कम हुने आकलन केन्द्रले गरेको छ। *रासस*

# बजाजले ल्यायो 'खुसीको मिटर'

**काठमाडौं (प्रस)–** नेपालका लागि बजाज मोटरसाइकलको एक मात्र आधिकारिक वितरक हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा. लि. ले नयाँ वर्ष २०८२ को उपलक्ष्यमा नयाँ र रोमाञ्चक क्याम्पेन 'खुसीको मिटर' सार्वजनिक गरेको छ। यो क्याम्पेनले गेमिङको रमाइलो र मोटरसाइकल किन्दाको खुसीलाई एकसाथ जोडेको छ जसअन्तर्गत ग्राहकहरूले डिजिटल अनुभवमार्फत रु. १ लाखसम्म नगद पुरस्कार र आकर्षक गिफ्टहरू जित्ने अवसर पाउनेछन्।

बजाजले सामाजिक सञ्जालमार्फत खेल्न सकिने विशेष डिजिटल गेम ल्याएको छ जसअन्तर्गत जो कोही पनि सहभागी भई घरमै बसीबसी विभिन्न आकर्षक उपहारहरू जित्न सक्नेछन्। उक्त उपहार प्राप्त गर्न भने विजेताले कुनै पनि बजाज मोटरसाइकलको टेस्ट राइड गर्नुपर्नेछ।

तर मुख्य आकर्षण भने अझै बाँकी नै रहेको छ। क्याम्पेनको अवधिमा बजाज मोटरसाइकल खरिद गर्ने ग्राहकहरूका लागि अर्को चरणको गेम पनि शोरूममा नै खेल्न पाउनेछन्। यो इन-स्टोर डिजिटल अनुभवमा ग्राहकले स्क्रिनमा देखिएको 'खुसीको मिटर' रोकेर रु. १ लाखसम्मको नगद पुरस्कार जित्न सक्नेछन्।

'खुसीको मिटर' केवल एक प्रचारको लागि अफर मात्र नभइ यो टेक्नोलोजीको माध्यमबाट मोटरसाइकल किन्ने यात्रालाई अझ रमाइलो, इन्टरेक्टिभ र लाभदायक बनाउने हाम्रो प्रयास हो, बजाजको आधिकारिक वितरक गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छाले आफ्नो विचार राख्दै भने। 'नयाँ वर्षको सुरुवातमा ग्राहकलाई नयाँ सवारी मात्र नभइ किन्ने अघि र पछि पनि जित्ने अवसर दिन हामी उत्साहित छौं।'




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ